नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्र संख्याः
चलानी नं.:

## प्रेस विज्ञप्ति

महालेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष २०७९।८० को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण र नेपाल सरकारको चल, अचल सम्प्पत्ति र दायित्वको एकीकृत वार्षिक विवरण महालेखापरीक्षकको कार्यालयमा मिति २०८० कात्तिक १५ गते पेश गरिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ बमोजिम संघीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरू सहितको केन्द्रीय लेखाको वित्तीय विवरण र उक्त ऐनको दफा २६ बमोजिम नेपाल सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण कानूनद्वारा निर्धारित समयावधिभित्र महालेखापरीक्षकको कार्यालयमा पेश गरिएको हो। उक्त प्रतिवेदन महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनालीबाट कार्यबाहक महालेखापरीक्षक श्री महेश्वर काफ्लेज्यू समक्ष पेश गरिएको हो।

नेपाल सरकारबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान तथा महालेखापरीक्षकबाट स्वीकृत लेखा ढाँचा अनुरूप तयार पारिएको यो प्रतिवेदन नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) मा आधारित पहिलो प्रतिवेदन हो। यस प्रतिवेदनमा नेपाल सरकारको बजेट र गैर बजेटरी निकायका प्रचलित कानूनले तोकेका विषयवस्तु समावेश गरिएको छ। प्रतिवेदन पेश गर्दै महालेखा नियन्त्रकज्यूबाट यस प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सबैको अथक प्रयास र मिहिनेतबाट कानूनले तोके बमोजिमको समयावधिभित्र स्वीकृत लेखामानमा आधारित प्रतिवेदन पेश गर्न सफल भएकोमा सहयोग गर्नुहुने सबैलाई धन्यबाद दिँदै यस प्रतिवेदनले नेपाल सरकारको वित्तीय अवस्थाको यथार्थ चित्रण गरेको धारणा व्यक्त गर्नुभयो।

सो प्रतिवेदन ग्रहण गर्दै कार्यबाहक महालेखापरीक्षकज्यूले प्रस्तुत प्रतिबेदनबाट सार्वजनिक वित्तीय व्यवस्थापनको यथार्थ अवस्था देखिकोले यसबाट नेपाल सरकारले आगामी कार्यदिशा निर्धारण गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा महालेखापरीक्षकको कार्यालय र महालेखा नियन्त्रक कार्यालयका पदाधिकारीहरुको सहभागिता रहेको थियो।

मितिः २०८०।०७।१५

२०८०।०७।१५

(शम्भुप्रसाद मरासिनी)
सहमहालेखा नियन्त्रक
एवम्
प्रवक्ता